**विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०९/२१ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-**

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | नगर सभाको पन्ध्रौं अधिवेशनमा पेस गर्ने एजेन्डाहरूको सम्बन्धमा।<br><br>प्रतिलिपि<br><br>विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश | (क) नगर सभाको चौधौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायतको अर्धवार्षिक समीक्षा आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०८१ को संशोधन विधेयक, २०८१ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) आ.व.२०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा वडा र विषयगत महाशाखाहरूको सिफारिस अनुसार **अनुसूची-१** बमोजिमको बजेट तथा कार्यक्रम/योजना संशोधन, थपघट एवम् रकमान्तर स्वीकृतिका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, विविध कारणले विगतमा दायित्व सार्न छुट भएका योजनाहरू र केही नयाँ थप योजनाहरूका लागि आवश्यक बजेट व्यवस्था गर्न एवम् चालु आ.व.का लागि विनियोजित बजेट अपुग हुने केही योजनाहरूलाई बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्नका लागि समेत आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो।<br><br>(घ) एकल महिलाको सशक्तिकरणका लागि आय आर्जनका क्षेत्रमा जोड्न तथा एकल महिलाको सुरक्षा, संरक्षण र उद्धारका लागि कोष बनाई सञ्चालन गर्ने उद्देश्यले तयार गरी सामाजिक विकास समिति एवम् विधेयक समितिबाट सिफारिस भएको एकल महिला सुरक्षा कोष (सञ्चालन) विधेयक, २०८१ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) आ.व. २०७३/०७४ देखि २०७९/०८० सम्मको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुको सम्बन्धमा अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिस अनुसार बेरुजु नियमित गर्नका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) नगर सभामार्फत गर्नुपर्ने केही महत्वपूर्ण निर्णयहरू तत्कालै गरी कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकाले सभाबाट अनुमोदन हुनेगरी विभिन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरूको अनुमोदनका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले गरियो।<br><br>(छ) विभिन्न विषयगत लगायतका समितिहरूको प्रतिवेदन आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| २ | विविध | (क) विगतमा बसेका नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो।<br><br>(ख) विराटनगर महानगरपालिका वडा नं. ११ (साविक विराटनगर उपमहानगरपालिका वडा नं. १५) स्थित आफ्नो नाममा दर्ता कायम रहेको जग्गामा भवन निर्माण गर्नका लागि इजाजत लिन श्री निर्मल तामाङले कार्यालयमा नियमानुसार मिति २०७०/१०/१५ (मिसिल नं. ६३७) मा प्रस्तावित नक्सासहित दरखास्त फाराम पेस गरी नक्सा पास तथा निर्माण इजाजतको प्रक्रियामा रहेकोमा विविध कारणले भवन निर्माण प्रक्रियाको इजाजत नलिएको र हालसम्म निर्माण कार्य समेत शुरु नगरेकोले निर्माण इजाजत पाऊँ भनी निजले मिति २०८१/०८/२७ मा निवेदन पेस गरेकोले निजलाई दरखास्त फाराम (मिसिल) दर्ता हुँदाको बखतको प्रचलित मापदण्ड अनुसार निर्माण इजाजत दिने तथा नक्सा पास गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिका वडा नं. २ र ७ स्थित निर्माणाधीन प्रधानमन्त्री पार्क आयोजनाको स्वीकृत डिजाइन तथा विस्तृत परियोजना प्रस्ताव एवम् लागत अनुमानमा समावेश नभएका तर निर्माणको चरणमा हाल आवश्यक देखिएका बोटिङ पण्ड, लब्बी, सिटिङ एरिया र प्लान्टर लगायतका संरचनाहरू थप गरी निर्माण गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो। र सोका लागि आवश्यक बजेट आगामी नगर सभाबाट व्यवस्था गर्ने निर्णय गरियो।<br><br>(घ) विराटनगर महानगरपालिका वडा नं. १८ (साविक बुधनगर गा.वि.स.) र वडा नं. १९ (साविक वैजनाथपुर गा.वि.स) भित्र रहेका सरकारी, संस्थागत, निजी वा जुनसुकै प्रकृतिको भवनको नक्सा पास नगरी आ.व.२०७४/०७५ भन्दा अगाडि निर्माण सम्पन्न भएका (तल्ला थपको नक्सा पास नगरेको समेत) भवन तथा संरचनाको २०८२ असार मसान्तसम्ममा अभिलेखिरणका लागि नक्सा पेस गरेमा नक्सा अभिलेखिकरण/नियमित गर्ने सर्वसम्मतिले निर्णय गरियो। र सोका लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी प्रति वर्गफिट रु.१२।- दस्तुर लिने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) विराटनगर महानगरपालिकाको संशोधित तथा अद्यावधिक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन एवम् सो बमोजिमको सङ्गठन संरचना स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) साविक स्थानीय निकाय हुँदाको बखतदेखि विराटनगर महानगरपालिकामा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम महानगरपालिकामै स्वतः समायोजन भएका कर्मचारीको उपदान रकम निर्धारणको सम्बन्धमा समायोजन हुनुअघि र कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी हुनुअघि समेत |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, विराटनगर, मोरङ कोशी प्रदेश | विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७५ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ अनुसार बनाई लागु गरिएको स्थानीय स्वायत्त शासन विनियम-२०५७, विराटनगर उपमहानगरपालिका बमोजिम उपदान तथा अवकाश सेवासुविधा सम्बन्धी प्रयोजनका लागि अविच्छिन्न रुपले सेवा गरेको अस्थायी अवधिलाई समेत सेवा अवधि गणना गरी उपदान तथा अवकाश सेवासुविधा उपलब्ध गराइँदै आइएको र कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५६(३) मा सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीको उपदानको रकम निर्धारण गर्दा समायोजन हुनुभन्दा अघिको सेवा सम्बन्धी कानूनमा व्यवस्था भएभन्दा ऐनले तोके बमोजिमको उपदानको रकम कम हुने रहेछ भने उपदान रकम निर्धारण गर्दा त्यस्ता कर्मचारीको समायोजन हुनुअघिको सेवा सम्बन्धी कानून बमोजिम हुनेगरी निर्धारण गर्ने व्यवस्था रहेको साथै दफा ९० मा कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्नेगरी परिवर्तन गरिने छैन भन्ने व्यवस्था रहेकोले साविक विराटनगर उपमहानगरपालिका/नगरपालिका/नगर पञ्चायतमा नियुक्ति पाई कार्यरत रहेर विराटनगर महानगरपालिकामा स्वतः समायोजन भई कार्यरत रही स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी भएपश्चात अवकाश हुने स्थायी कर्मचारीहरूको उपदान तथा अवकाश सेवासुविधा प्रयोजनका लागि अविच्छिन्न रुपले सेवा गरेको शतप्रतिशत अस्थायी अवधिलाई समेत सेवा अवधि गणना गर्न आवश्यक निर्णयका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले गरियो।<br><br>(छ) विराटनगर महानगरपालिकामा गाभिएका साविकका गाउँ विकास समिति (बैजनाथपुर र बुधनगर) मा नियुक्ति पाई कार्यरत रहेर उक्त गा.वि.स.हरू महानगरपालिकामा गाभिएसँगै महानगरपालिकामा स्वतः समायोजन भएका कर्मचारीहरूले नियमानुसार पाउने उपदान तथा अवकाश सेवासुविधा महानगरपालिकाको स्रोतबाट उपलब्ध गराउन आवश्यक स्वीकृतिका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ज) कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को उपदफा ग(३) मा भएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोगबाट विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालन हुनुअघि सम्बन्धित अस्थायी, करारका कर्मचारी कुनै किसिमले कार्यरत पद र तहको सेवाबाट अलग भएमा (सजायमार्फत वा सेवासुविधा नपाउनेगरी सेवाबाट अलग गरिएको/भएको बाहेकको हकमा) उल्लिखित दफा/उपदफामा "त्यस्तो परीक्षामा सहभागी नभएमा त्यस्ता कर्मचारीहरूलाई स्थानीय सरकारले विशेष सुविधा दिई अवकाश दिने" भन्ने व्यवस्था एवम् सोही ऐनको दफा ९० मा भएको "कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्नेगरी परिवर्तन गरिने छैन" भन्ने समेतको व्यवस्थाका आधारमा निज कर्मचारीलाई आयोगबाट विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालन नभएसम्मका लागि विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ अनुसार साविकमा उपलब्ध गराइए बमोजिमको अवकाश सेवासुविधा उपलब्ध गराउन आवश्यक निर्णयका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश